
---लागू औषध रहित स्वस्थ र सभ्य समाजको निर्माण गरौं...



# लागू औषध नियन्त्रण व्यूरो
# कोटेश्वर, काठमाण्डौं ।


सम्पर्क ठेगाना

लागू औषध नियन्त्रण व्यूरो,

कोटेश्वर, काठमाण्डौं ।

फोन/फ्याक्स: +९७७-१-४६०१०४८

मोबाईल नं. : ९८५१२८५४८०, प्रहरी कन्ट्रोल: १००

e-mail: ncb@nepalpolice.gov.np,ncbnepal@gmail.com

Web Site: www.ncb.nepalpolice.gov.np



२०७८

## परिचय

लागू औषध अपराधको रोकथाम तथा नियन्त्रण गरि लागू औषध रहित समाजको निर्माण गर्ने उद्देश्यले मिति २०४९ / ०२ / २५ गते "लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाई" को स्थापना भई मिति २०६९/०८/१४ गते नेपाल सरकार मन्त्रि परिषदको निर्णयद्वारा प्रहरी नायव महानिरीक्षक प्रमुख रहने गरि "लागू औषध नियन्त्रण व्यूरो" (Narcotics Control Bureau) को रुपमा स्तरोन्नती भएको छ । हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा र तराईका ६ वटा सीमा नाकाहरु समेत गरि व्यूरोका ८ वटा शाखा कार्यालयहरु समेत रहेका छन् । लागू औषधको उत्पादन, संचय, ओसार-पसार, बिक्री-वितरणमा नियन्त्रण तथा ला. औ. अपराधको अनुसन्धान र कांनून कार्यान्वयन गराउने कार्यमा यस व्यूरोले केन्द्रीय निकायको रुपमा कार्य गर्दै आएको छ । यस व्यूरोले ला.औ.(नि).,ऐन २०३३ ले व्यवस्था गरे अनुसार कार्य सम्पादन गर्दै आईरहेको छ भने संयुक्त राष्ट्रसंघ लगायत अन्य अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई पनि प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आईरहेको छ ।

यसको अलावा लागू औषध अपराधलाई प्रभावकरी रुपमा रोकथाम, न्यूनीकरण तथा नियन्त्रण गर्न यस सम्बन्धी कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय गर्ने र आपूर्ती नियन्त्रणको लागि नेपालको तर्फबाट सम्पर्क कार्यालयको रुपमा समेत जिम्मेवारी वहन गर्दछ ।

## मूलमन्त्र

"लागू औषध अपराध रहित समाजको निर्माण" ।


## लक्ष्य

लागू औषध (नियन्त्रण), ऐन २०३३ को प्रभावकारी परिपालना गर्दै लागू औषध आपूर्तीको नियन्त्रणका लागि प्रभावकारि कानून कार्यान्वयन गर्ने ।

## परिदृष्य

लागू औषध उत्पादन तथा कारोबारमा नियन्त्रण गर्न सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग समन्वय गरि लागू औषधजन्य अपराध रोकथाम तथा नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्ने ।

## लागू औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३




## प्रमुख उद्देश्यहरु

- लागू औषध उत्पादन, संचय, ओसार पसार, बेचबिखन एवं सेवनमा नियन्त्रण गर्ने ।
- लागू औषध अपराधको व्यवसायिक अनुसन्धान गर्ने ।
- लागू औषध बरामद तथा पक्राउ परेकाहरुको अभिलेख व्यवस्थापन तथा ला.औ. नियन्त्रण सम्बन्धी भावी योजना तर्जुमाका लागि विश्लेषण गर्ने ।
- लागू औषध अपराध नियन्त्रणका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग समन्वय एवं सहकार्य गर्ने ।

## ला.औ.नि.व्यूरोको काम, कर्तव्य र अधिकार

- लागू औषध नियन्त्रण ऐनले व्याख्या गरे अनुसारका अपराधिक कार्य बिरुद्ध तदारुकताका साथ कारवाही गर्ने ।
- नेपालभरको लागू औषध नियन्त्रण बिरुद्ध गरिएको कारवाहीको तथ्याङ्क र सूचना सङ्कलन, बिश्लेषण र सम्पादन गर्ने र सो बिवरण लागू औषध नियन्त्रण शाखामा पठाउने ।
- अपराधको गहनतालाई दृष्टिगत गरि एक वा एक भन्दा बढि जिल्ला वा क्षेत्रमा फैलिएको लागू औषध सम्बन्धी अपराधको अनुसन्धान गर्ने । स्थानिय प्रहरी इकाई वा अन्य सम्बन्धित अङ्गद्वारा अनुसन्धान गर्न अनुरोध भै आएमा संयुक्त कारवाही गर्ने ।
- लागू औषध नियन्त्रणको सन्दर्भमा अन्तर्राष्ट्रिय प्रकृतिको अनुसन्धान कारवाही गर्ने ।
- लागू औषध सम्बन्धी अन्तर्राष्ट्रिय प्रकृतिका अनुसन्धान तथा लागू औषध अपराधमा दुई देशको आपसि समस्या वा दुई भन्दा बढि देशहरुमा फैलिएको अन्तर्राष्ट्रिय संगठित अपराध बिरुद्ध बिभिन्न देशका प्रहरी मिलेर एकै साथ कारवाही गर्नु पर्ने अवस्था आएमा कारवाही गर्ने ।
- लागू औषध नियन्त्रण ऐन कार्यान्वयन गर्ने गराउने सन्दर्भमा प्रहरी तथा अन्य सरकारी वा गैर सरकारी संस्था, स्वयंसेवक आदि संग आवश्यकता अनुसार सम्पर्क राख्ने । कार्यान्वयनका क्रममा अनुभव हुन आएका लागू औषध नियन्त्रण योजना तर्जुमाको लागि उपयोगि हुने विषयहरु प्रमुख लागू औषध नियन्त्रण अधिकारी समक्ष सुझावका रुपमा पेश गर्ने ।
- लागू औषध नियन्त्रण कारवाहीको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपाली वा विदेशी अपराधीको गतिबिधि साथै कारवाही बारे सम्बन्धित निकायबाट तथ्याङ्क, सूचना संकलन र बिश्लेषण साथै बितरण कार्य गर्ने ।
- अन्तर्राष्ट्रिय प्रकृतिको अनुसन्धानको क्रममा सूचना तथ्याङ्कको आदान प्रदान कार्य एवं संयुक्त कारवाहीको अवस्थामा विदेशी निकायसंग प्रत्यक्ष सम्पर्क गर्ने र सो को जानकारी प्रमुख लागू औषध नियन्त्रण अधिकारीलाई दिने ।
- लागू औषधको अपराधको गहनतालाई दृष्टिगत गरी आवश्यक ठानेमा नेपालभर कुनै पनि प्रहरी इकाईले अनुसन्धान गरिरहेको अवस्थामा समेत त्यस्तो अनुसन्धानमा बाधा अड्चन वा कुनै त्रुटी देखिए वा देखिन आएमा चलि रहेको अनुसन्धानबारे सहयोग दिने ।

## ला.औ.नि.व्यूरोका गतिविधिहरु:-

### रोकथाम, नियन्त्रण, अनुसन्धान तथा कारवाही :-

- लागू औषधको उत्पादन, ओसार-पसार, संचय, बिक्री-वितरणको नियन्त्रण तथा अनुसन्धान र कानून कार्यान्वयन गराउने कार्यमा यस व्यूरोले केन्द्रिय इकाईको भूमिका निर्वाह गर्दछ । यसले सूचना संकलन, विश्लेषण, पक्राउ र लागू औषध अपराधको अनुसन्धान र जन चेतना समेत अभिबृद्धि गर्ने र सरोकार वाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसंग समन्वय र सहकार्य गर्दछ । यस व्यूरोका प्रमुखलाई औषध नियन्त्रण अधिकारी तोकिएको छ र नेपालभर पक्राउ परेका लागू औषध सम्बन्धी मुद्धाको अनुसन्धानका लागि यसै व्यूरोबाट अनुसन्धान अधिकृत तोकिने व्यवस्था रहेको छ । यसरि देशभर नै लागु औषधको रोकथाम, नियन्त्रण, पक्राउ र अनुसन्धानमा यस व्यूरोको महत्वपुर्ण भूमिका रहेको छ ।

### जनचेतनामुलक कार्यक्रम :-

- लागू औषधको कारोबार तथा दुर्व्यसनलाई प्रभावकारी रुपमा न्यूनीकरण तथा नियन्त्रण गर्न कानून कार्यान्वयनको कार्यले मात्र सम्भव नहुने हुँदा यस व्यूरोले ला.औ. उत्पादन, संचय, ओसारपसार, बिक्रि-वितरण एवं दुर्व्यसन विरुद्ध जन चेतना मुलक कार्यक्रमहरु (Awareness program) समेत आयोजना गर्ने गरेको छ ।

### तथ्याङ्क सङ्कलन तथा विश्लेषण:-

- लागू औषध अपराध नियन्त्रणको लागि वैज्ञानिक ढङ्गबाट सूचना सङ्कलन, विश्लेषण र वितरण (Intelligence Collection, Analysis & Dissemination) गरी लागू औषध अपराध अनुसन्धानलाई सूचनामा आधारित र प्रमाणमुखी बनाउँदै यस व्यूरोलाई लागु औषधजन्य अपराध सम्बन्धी केन्द्रीय अभिलेखालयको रुपमा विकसित गरिएको छ ।

### समन्वय :-

- लागू औषध अपराध रोकथाम तथा नियन्त्रण कार्यमा सम्बद्ध राष्ट्रिय, अन्तराष्ट्रिय निकाय तथा संगठनहरुसंग नेपाल सरकारको नीति र निर्देशन अनुरुप समन्वय र सहकार्य गर्दै पारस्परिक सम्बन्ध बिस्तार गर्दै आएको छ ।


## प्रशिक्षण तथा क्षमता अभिबृद्धि कार्यक्रमः-

- लागूऔषध अपराध रोकथाम, नियन्त्रण तथा व्यवसायिक अनुसन्धान कार्य गर्न सम्बन्धित प्रहरी कर्मचारीहरुलाई प्रशिक्षण, सचेतनामुलक कार्यक्रम र अन्तक्रियाहरु गर्दै आएको छ ।

## लागू औषध नियन्त्रण ऐन, २०३३ का विशेषताहरु

- प्राकृतिक तथा औषधीजन्य लागू पदार्थ खेती, उत्पादन, निर्माण, खरिद-बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारीमा प्रतिबन्ध,
- बिना वारेन्ट प्रवेश, खानतलासी, कब्जा र गिरफ्तार गर्न सक्ने,
- लागू औषध अपराधमा संलग्न व्यक्तिलाई जन्म कैद तथा रु. २५ लाखसम्म सजाय र जरिवानाको व्यवस्था,
- आर्थिक कारोबारको विवरण माग गर्न सक्ने र सम्पत्ती रोक्का तथा जफत गर्न सक्ने,
- यस अपराध संग सम्बन्धित कुनै कुरा टेप गर्न वा सेन्सर गर्न सक्ने,
- प्रमाणको भार प्रतिवादीमा रहने,
- ऐनको बहिर्क्षेत्रीय प्रयोग गर्न सकिने,
- अनुसन्धान तहकिकात गर्न ९० दिन सम्मको हद म्याद हुने,

## लागू औषध नियन्त्रण ब्यूरोको संरचना




**लागू औषध अपराध सम्बन्धी सूचना भए तुरुन्त नजिकको प्रहरी तथा यस ब्यूरोमा खबर गरौं !**